## परिचय

नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन) वि.सं. २०५० मा स्थापना भएको एउटा गैरनाफामूलक गैरसरकारी सामाजिक संस्था हो । यसका विकास निर्माणका कार्यक्रमहरू अन्तर्राष्ट्रिय ग्रामीण पुनर्निर्माण आन्दोलनको चारपत्रे अवधारणामा आधारित रहेका छन् । जसअनुसार निरक्षरता र अशिक्षा विरूद्ध लड्न र आर्थिक रूपमा विपन्नतामा बाँच्न विवस गरीब जनतालाई सशक्तिकरण गरी अधिकारमा उनीहरुको पहुँच पुऱ्याउनका लागि शिक्षा, गरिबी विरूद्ध जुझ्नका लागि दिगो जीविकोपार्जन, रोगको रोकथाम गरी स्वस्थ समाज निर्माणका लागि स्वास्थ्य र सामुहिक शक्तिको विकास गरी नागरिक नैराश्यतालाई हटाउनका लागि स्वशासन रहेका छन् । आरआरएनले सहजीकरण, सामाजिक परिचालन तथा स्वसंगठनको निर्माण प्रक्रियाबाट विपन्न र विभेदमा परेका वर्गहरू, दलित, अल्पसंख्यक जाति, जनजाति, महिला, किसान तथा बालबालिका र अन्य जोखिममा परेका समुदायहरूसँग काम गर्दै आइरहेको छ ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्य निर्देशिका

आरआरएनले आफ्नो संस्थागत संरचना तथा परियोजना र कार्यक्रमहरूलाई लैङ्गिक संवेदनशील, लैङ्गिक मैत्री र सामाजिक रूपमा समावेशी बनाउदै कार्यान्वयन गर्ने उद्देश्यका साथ 'लैङ्गिक समानता र सामाजिक समावेशीकरण कार्यनिर्देशिका' तयार गरेको छ ।

यो निर्देशिकाको पहिलो उद्देश्य आरआरएनको संस्थागत संरचना, नीति तथा कार्यक्रम साथै संचालित कार्यक्रम तथा परियोजना अन्तर्गत साझेदार स्थानीय संस्था तथा समुदायका लागि तयार पारिएको हो ।

यस निर्देशिकाको अर्को उद्देश्य भनेको, स्थानीय स्तरमा रहेका संस्था र समुदायलाई, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा सम्वेदनशील बनाउदै उनीहरूको क्षमता अभिवृद्धि गर्नुका साथै महिला तथा बञ्चितिकरणमा परेका समुदायको जीविकोपार्जनमा सुधार गरी सशक्तिकरण तर्फ उन्मुख गराउनु हो ।

सामाजिक बञ्चितिकरणमा परेका समुदाय भन्नाले निम्नअनुसारका समूहहरूलाई समावेश गरिएको छः

- गरीब
- महिला
- दलित
- आदिवासी जनजाति
- बेरोजगार युवा
- द्वन्द्व प्रभावित जनता
- बालबालिका
- शारीरिक अपाङ्गता भएका व्यक्तिहरू

## लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि ध्यान दिनुपर्ने केही प्रमुख पक्षहरू

**क. व्यक्तिगत जीवन र व्यवहारमा ध्यान दिनुपर्ने कुराहरू**

१. कुनै पनि व्यक्ति, वर्ग, जाति, समुदाय तथा लिङ्गको आधारमा अरूलाई होच्याउने खालका उखान-टुक्का, किम्बदन्तीको प्रयोग नगर्ने वा गीत/कविताहरू नगाउने ।

२. बोल्दा वा आफ्नो विचार व्यक्त गर्दा कुनै पनि व्यक्ति, वर्ग, जाति, समुदाय, समूहहरूको मर्यादा माथि आँच नआउने गरी संवेदनशील भएर व्यक्त गर्ने ।

३. कुनै पनि व्यक्ति, वर्ग, जाति, समुदाय तथा लिङ्गको आधारलाई लिएर सार्वजनिक स्थल तथा संस्थामा वादविवाद र विभेद नगर्ने ।

**ख. संस्थागत रूपमा ध्यान दिनुपर्ने कुराहरू**

१. संस्थामा बञ्चितीकरणमा परेका समूहको लागि निर्णायक तहको केही पदमा आरक्षणको व्यवस्था गर्ने ।

२. निश्चित सकारात्मक विभेदको नीति अपनाउने ।

३. महिला र बञ्चितीकरणमा परेका समूहको सक्रिय सहभागितामा मात्र कुनै कुराको निर्णय गर्ने ।

४. संस्थाको उद्देश्य, परिकल्पना र ध्येय पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बेदनशील बनाउने ।

५. संस्थाको वार्षिक कार्य योजनामा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको संस्थामा समावेशका लागि नीति तय गर्ने र वार्षिक समीक्षा गर्ने ।

६. महिला तथा बञ्चितीकरणमा परेका व्यक्तिहरूको लागि नियमित रूपमा नेतृत्व विकासका लागि तालिम तथा सशक्तिकरणका कार्यक्रमहरू संचालन गर्ने ।

७. आफ्नो संस्था विकास वा उनीहरूको विकासका लागि अरू सञ्जालहरूसँग सम्बन्ध विस्तार गर्ने ।

८. आफ्नो संस्था बाहेक अरू स्थानीय स्तरमा रहेका संस्थामा पनि उनीहरूको पहुँच बढाउन जोड दिने ।

यीं माथिका बुँदाहरू निर्णय पुस्तिका वा कुनै लिखतको रूपमा योजना गरेर अनुगमन गर्ने ।

**ग. कार्यक्रममा ध्यानदिनुपर्ने कुराहरू**

कार्यक्रमको सम्पूर्ण चरणमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका लागि निम्न कुराहरूमा ध्यान पुऱ्याउनु पर्दछः

*योजना तर्जुमा गर्दा तल दिइएका बूंदाहरुमा राम्रोसँग सोच्नुहोस :*

१. के योजना तर्जुमा गर्दा महिला तथा बञ्चितीकरणमा परेका समुदायको संख्या कम्तीमा पनि आधा छ र उनीहरूको भावना वा चाहनालाई समेटिएको छ ?

२. के योजना वा कार्यक्रमको परिणाम लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरणलाई झल्काउने र गरीबमूखी छ ?

३. के योजना कुनै पनि लाभ वितरण तथा मानवीय सहयोगका कार्यक्रममा वा कार्यक्रमले सामाजिक समावेशीकरणको लागि सकारात्मक विभेदको सिद्धान्त अपनाइएको छ ? (गरीब वा दलित पहिलो प्राथमिकतामा योजनामा परेको छ/छैन ?)

४. के योजनामा नै बञ्चितीकरणमा परेको समुदायको लाभान्वित जनसंख्याको लैङ्गिक खण्डीकृत आँकडा तयार बनाइएको छ ?

५. के हरेक तालिम तथा सशक्तिकरणको कार्यक्रमले महिला, दलित वा अन्य बञ्चितीकरणमा परेका समूहहरूको समाबेशितालाई मुख्य रूपमा योजना बनाइएको छ ?

६. के कार्यक्रमको योजना तर्जुमा गर्दा विभिन्न समिति/उप-समितिहरूको गठन गर्दा महिला तथा दलित वा अन्य बञ्चितीकरणमा परेका समूह र समुदायको समानुपातिक प्रतिनिधिहरू छन् ?

**घ. परियोजना वा कार्यक्रम कार्यान्वयनको चरणमा ध्यानदिनुपर्ने कुराहरू**

१. के योजनामा भए अनुसार कार्यक्रम कार्यान्वयन भैराखेको छ ?

२. के लक्षित समुदायमा योजना भए अनुसार नै महिला, दलित वा अन्य बञ्चितीकरणमा परेका समूहहरूको उपस्थितिमा कार्यक्रम हुने गरेको छ/भएको छ ?

३. के हरेक तालिम तथा सशक्तिकरणको कार्यक्रमले महिला, दलित वा अन्य बञ्चितीकरणमा परेका समूहहरूको समावेशितालाई ध्यान दिएको छ ?

४. के कुनै पनि लाभ वितरण तथा मानवीय सहयोगका कार्यक्रममा वा कार्यक्रमले सामाजिक समावेशीकरणको लागि सकारात्मक विभेदको सिद्धान्त अपनाएको छ (गरीब वा दलितलाई पहिलो प्राथमिकता दिई कार्यान्वयन गरेको छ ?)

५. के बञ्चितीकरणमा परेका समुदायको लाभान्वित

# केही शब्द/शब्दावलीको परिचय

**जेन्डर (सामाजिक लिङ्ग):** महिला, पुरूष वा तेश्रो लिङ्गी भएको आधारमा समाजले तोकेको भूमिका, अधिकार, जिम्मेवारी र गुण (जुन समाजद्वारा परिभाषित गरिएको हुन्छ) ।

**समानता:** कुनै पनि विभेद नहुनु, सबैलाई बराबरीको अवसर, अधिकार, व्यवहार गर्नु ।

**लैङ्गिक समानता:** महिला, पुरूष वा तेस्रो लिङ्गी सबैलाई बराबरीको अवसर, अधिकार र व्यवहार गर्नु ।

**बञ्चितीकरण:** कुनै समूह वा समाजबाट नियतबस कसैलाई छुट्याउनु वा कुनै सुबिधा वा अवसरबाट बञ्चित गर्नु ।

**सामाजिक समावेशीकरण:** समाजमा सेवा, सुबिधा, अधिकार पाउनबाट छुटेका व्यक्ति वा समूहलाई समेट्ने प्रक्रिया ।

**विभेद:** फरक-फरक व्यक्ति, समुदाय, वर्ग वा समुहका लागि फरक किसिमको नीति, कानुन, व्यवहार वा कार्य ।

**सकारात्मक विभेद:** पछाडी पारिएका जाति, वर्ग, समूहहरूलाई अगाडी ल्याउन वा समाबेश गर्नलाई विशेष किसिमको सकारात्मक नीति वा कानुनी पहल वा फरक व्यवहार वा कार्य ।

**पहुँच:** स्रोत/साधन र अवसरको उपयोग र उपभोग गर्न पाउने (वा नपाउने) अवस्था ।

**नियन्त्रण:** स्रोत/साधन र अवसर माथिको निर्णय गर्ने अधिकार सहितको उपभोग ।

**व्यवहारिक आवश्यक्ता:** तत्कालीन दैनिक उपभोग जस्तै, खाना, लुगा, आवास, खानेपानी, सिंचाई, आदिको आवश्यक्ता ।

**रणनैतिक आवश्यक्ता:** अधिकार, कानुन र नीतिगत सुधारको लागि दीर्घकालीन आवश्यकता ।

**लैङ्गिक भूमिका:** महिला वा पुरूष वा तेस्रो लिङ्गी भएको आधारमा समाजले दिएको भूमिका, काम र जिम्मेवारी वा भूमिका ।

**उत्पादनमूलक भूमिका:** प्रत्यक्ष लाभहुने कार्यहरू, जो वस्तु वा सेवाको उत्पादनसँग वा आर्थिक लाभसँग जोडिएर आउछ ।

**पुनर्उत्पादकीय भूमिका:** जैविक भूमिका, जस्तो- बच्चा जन्माउने, र सामाजिक काम, जस्तो- घरायसी कामहरू, रेखदेख गर्ने, जुन दैनिक जीवनमा नगरी हुन्न ।

**सामुदायिक भूमिका:** जुन सामुदायिक आवश्यकता परिपूर्तिका लागि गरिन्छ, जस्तो- चाडपर्व मनाउने, समूहमा बसेर गर्ने सामाजिक विकासका कार्य, वैठक, सभा, आदि ।

**लैङ्गिक खण्डिकृत आँकडा:** महिला, पुरूष, तेस्रो लिङ्गी, वर्ग, जाति, आर्थिक स्थिति, शारीरिक स्थितिको आधारमा छुट्याएको आँकडा ।

**अर्थपूर्ण सहभागिता:** नामको मात्र सहभागिता नभएर उनीहरूको विचार वा भावनाको कदर सहितको सक्रिय सहभागिता ।

जनसंख्याको लैङ्गिक खण्डीकृत आँकडा बनाई उनीहरूको उपस्थितिमा संचालन गरिएको छ ?

६) के हरेक तालिम तथा सशक्तिकरणको कार्यक्रमले महिला, दलित वा अन्य बञ्चितीकरणमा परेका समूहहरूको समाबेशितालाई महत्व दिई उनीहरूको आवाजको उचित सुनुवाई गरेको छ ?

७) कार्यक्रमको संचालनको अवधिमा विभिन्न समिति/उप-समितिहरूमा महिला तथा दलित वा अन्य बञ्चितीकरणमा परेका समूह र समुदायको प्रतिनिधिहरूको सवाल वा निर्णयहरू सुनिराखिएको छ र उनीहरूको प्रतिनिधित्वको अनुपात सुनिश्चित गरिएको छ ?

**ङ) अनुगमन तथा मूल्याङ्कनमा ध्यान दिनुपर्ने कुराहरू**

१) वास्तवमै कार्यक्रमले लक्षित गरेको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको उद्देश्य पूरा भयो कि भएन?

२) अन्तिम लाभांश वितरणमा महिला तथा बञ्चितीकरणमा परेका समुदायको पहुँच पुग्यो कि पुगेन ?

३) कार्यक्रमले समुदायको महिला तथा बञ्चितीकरणमा परेका समुदायप्रति अरूहरू र उनीहरूको आफ्नै पनि सोंच र व्यवहारमा सकारात्मक परिवर्तन ल्यायो कि ल्याएन?

४) के योजनामा नैं बञ्चितीकरणमा परेको समुदायको लाभान्वित जनसंख्याको लैङ्गिक खण्डीकृत आकडामा प्रतिवेदन बनेका छन् ?

५) हरेक तालिम तथा सशक्तिकरणको कार्यक्रमले महिला, दलित वा अन्य बन्चितिकरणमा परेका समूहहरूको समावेशितालाई योजना अनुसार सम्पन्न भयो कि भएन र उनीहरू कतिको लाभान्वित भएको महशुस गर्दछन् ?

६) महिला, दलित वा अन्य बञ्चितीकरणमा परेका समूहहरूको संस्थामा र घर परिवारमा पहुँच र नियन्त्रणको स्थिति कस्तो छ ?

# लैङ्गिक समानता र सामाजिक समाबेशीकरण कार्य निर्देशिका - २०७४




नेपाल ग्रामीण पुनर्निर्माण संस्था (आरआरएन)
पो.ब.नं. ८१३०, २८८ गैरीधारा मार्ग,
गैरीधारा, काठमाडौं, नेपाल ।
फोन: ४००४९७६, ४००५९८५
फ्याक्स: ४००४५०८, ४४४३४९४
इमेल: rrn@rrn.org.np
वेब साइट: www.rrn.org.np